**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २९ अक्तूबर २०२४

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- देशभरि आज धनतेरसको पर्व हर्षोल्लासको साथ मनाइन्दै छ|

- प्रधान मन्त्रि नरेन्द्र मोदीले आज विभिन्न सरकारी विभाग एवं सङ्गठनहरुमा नव-नियुक्त युवाहरुलाई ५१ हजार भन्दा अधिक नियुक्ति पत्र सुम्पिनु भयो|

- लोह पुरुष सरदार वल्लभ भाई पटेललो १ सय ५० औं जन्म जयन्ती तथा राष्ट्रिय एकता दिवसको स्मरणमा आज देशको विभिन्न भागहरुमा रन फर युनिटी मैरथन आयोजित गरिएको थियो|

- आर.जी. कर मेडिकल कलेज तथा अस्पताल को मुद्दामा न्यायको माग अभया मञ्चले ४ नोभेम्बरमा 'द्रोहको प्रकाश' र ७ नोभेम्बरमा 'जनताको चार्जशीट' कार्यक्रम गर्नेछ।

- आगामी १० नोभेम्बरका दिन सामाजिक जागरुकताको उद्देश्यले पेशोक खेल मैदानमा नेपाली चलचित्र ''विन्डो सीट'' प्रदर्शन गरिने छ।

**धन्तेरस**

आज धनतेरसको अवसरमा देशका मानिसहरुले हर्षोल्लासका साथ यो पर्व मनाइरहेका छन्। धनतेरसका दिन लक्ष्मीको पूजा, सुन, चाँदी, काँसा, तामाका भाँडाकुँडा किन्ने परम्परा पुरानो मान्यता अनुसार हुँदै आएको छ। धनतेरस हिन्दू धर्मको महत्त्वपूर्ण पर्व हो, जसले धन, स्वास्थ्य र समृद्धिको प्रतीकका रूपमा मनाइन्छ। यो दिन भगवान धन्वन्तरीको जन्मजयन्तीका रूपमा पनि चिनिन्छ, जो आयुर्वेदका पिता मानिन्छन्। मान्यता अनुसार, यो दिन सुन, चाँदी र धातुका भाँडाकुँडा किनेर घरमा राख्दा लक्ष्मीको कृपा प्राप्त हुने र सुख-समृद्धि बढ्ने विश्वास गरिन्छ। धनतेरसबाट दीपावलीको पाँच दिने उत्सवको सुरुवात हुन्छ, जसमा घर सजाइ, रंगोली र दीप प्रज्वलन गरेर लक्ष्मीको स्वागत गरिन्छ।

**प्रधान मंत्री-परियोजना**

धन्वन्तरि जयन्ती तथा 9 औ आयुर्वेद दिवसको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले आज अखिल भारतीय आयुर्वेद संस्थान (एनआईआईए) मा आयोजित समारोहमा लगभग 12 हजार 8 सय 50 करोड़ रूपियाँ लागतको विभिन्न स्वास्थ्य परियोजनाहरूको उद्घाटन एवं शिलान्यास गर्नुभयो। प्रधानमन्त्रीले आज 1 सय 50 भन्दा अधिक देशहरूमा आयुर्वेद दिवस मनाइएको बताउनुहुँदै यो देशको निम्ति खुशिको कुरो रहेको बताउनुभयो। प्रधानमन्त्रीले यस अवसरमा देशवासीहरूलाई धनतेरस, धनवन्तरि जयन्ती अनि दिपावलीको शुभकामना पनि दिनुभयो।

****** ० ******

**प्रधानमंत्री रोजगार मेला**

प्रधानमंत्री नरेन्द्र मोदीले आज विभिन्न सरकारी विभाग एवं संगठनहरुमा नव-नियुक्त युवाहरुलाई 51 हजार भन्दा अधिक नियुक्ति पत्र सुम्पिनु भयो। वीडियो कान्फ्रेंस को माध्यमबाट आयोजनलाई संबोधिन गर्नु हुँदै प्रधानमंत्रीले भन्नुभयो कि युवाहरुलाई स्थायी सरकारी रोजगार दिने प्रयास गरिन्दैछ। उहाँले सरकार युवाहरुलाई रोजगारको अवसर उपलब्ध गराउनका लागि प्रतिबद्ध रहेको पनि बताउनुभएको छ। हाम्रो संवाददाताले बताए अनुसार देश मा चालीस स्थानहरुमा रोजगार मेला आयोजित गरिएको थियो।

****** ० ******

**Run4Unity**

लौह पुरुष सरदार वल्लभ भाई पटेलको 1 सय 50 औं जन्मजयन्ती तथा अक्टोबर 31 मा वार्षिक रूपमा मनाइने राष्ट्रिय एकता दिवसको स्मरणमा आज देशको विभिन्न भागहरुमा Run4Unity मैराथन आयोजित गरिएको थियो। नयाँ दिल्लीमा रन फर यून्युटी मैराथनलाई झण्डा देखाउनु हुँदै केंद्रीय गृह मंत्री अमित शाह ले एकता दौड़ केवल देश को एकता सुदृढ़ पार्ने संकल्प मात्र नरहेर अब यो विकसित भारत को संकल्प पनि बनेको बताउनुभयो। लौह पुरुषको योगदान को स्मरण गर्नुहुँदै गृहमंत्री ले भन्नुभयो कि संगठित भारत को स्थापना को लागि विभिन्न भागहरुलाई एक सूत्र मा बाँध्नमा सरदार पटेलले महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको छ।

****** ० ******

**आर जी कर**

आर.जी. कर मेडिकल कलेज तथा अस्पताल को मुद्दामा न्यायको माग गर्दै ८० भन्दा बढी संगठनहरू 'अभया मञ्च' मा एकजुट भएका छन्। यो मञ्चले ४ नोभेम्बरमा ‘द्रोहको प्रकाश’ र ७ नोभेम्बरमा ‘जनताको चार्जशीट’ कार्यक्रम गर्नेछ। ३० अक्टोबरमा जुनियर डाक्टरहरूले सीजीओ कम्प्लेक्सस्थित सीबीआई कार्यालयसम्म मसाल जुलूस निकाल्ने घोषणा गरेका छन्। उनीहरूले ‘वेस्ट बंगाल जुनियर डाक्टर एसोसिएशन’ गठन गरी सुरक्षा र सुविधा माग्दै मुख्यसचिवलाई आठ बुँदे मागपत्र पठाएका छन्।

****** ० ******

**उत्तर बंगाल मेडिकल कलेज**

सुप्रीम कोर्टले आर.जी. कर मेडिकल कलेज तथा अस्पताल मामिलामा सुनवाई गर्दै राज्यको हरेक मेडिकल कलेजको सुरक्षा बढ़ाउने आदेशलाई मध्यनजर राख्दै उत्तर बंगाल मेडिकल कलेज तथा अस्पताल (एनबीएमसीएच)- मा सुरक्षा व्यवस्थालाई बढ़ाइएको छ। अब मेडिकल कलेजमा आधुनिक 'हाई सिक्योरिटी डोर' जड़ान गरिँदैछ। यस्ता 28 वटा डोरहरू जड़ान गरिँदैछ जसको बाहिर बायोमेट्रिक मशिन हुनेछ।
पश्चिम बंगाल इलेक्ट्रनिक्स उद्योग विकास निगम (वेबेल)- ले एनबीएमसीएच भ्रमण गरेर सुरक्षाका सबै पक्षहरूको जाँच गरेको छ। मेडिकल कलेज परिसरमा दुई चरण गरी 210 वटा सीसीटीभी जड़ान गरिनेछ।

****** ० ******

**अनित थापा**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले खरसाङमा पर्यटन व्यवसायमा उल्लेखनीय वृद्धि भएको बताउनु भएको छ। आज लोवर शेर्पा बस्तीमा सार्वजनिक भवनको उद्घाटन कार्यक्रममा उहाँले भन्नु भयो पहिला खरसाङमा पर्यटकहरू आउँदैन थिए, तर अहिले यहाँ धैरै राम्रो होटल र सुविधाहरूको विकास भइसकेको छ, जसले गर्दा पर्यटकहरूको आगमनमा वृद्धि भएको छ। श्री थापाले खरसाङमा निर्माण भएका नयाँ ठूल्ठाला हलहरू सडकहरूको पनि उल्लेख गर्नु भयो जसले पर्यटन व्यवसायलाई थप सशक्त बनाएको छ। यस कार्यक्रममा अनित थापाले सकारात्मक सोच राख्दै राम्रो काम गर्नुपर्ने बताउनु भयो।

****** ० ******

**विन्डो सीट**

आगामी १० नोभेम्बरका दिन सामाजिक जागरुकताको उद्देश्यले पेशोक खेल मैदानमा नेपाली चलचित्र ‘‘विन्डो सीट’’ प्रदर्शन गरिने भएको छ। प्रदर्शन आयोजक सुजन थापा र उहाँको टोलीले युवाहरूलाई कुलतबाट टाढा राख्दै समाजको मूलधारमा

ल्याउने प्रयासस्वरूप यो कार्यक्रमको आयोजना गरेका हुन्। चलचित्रमार्फत् युवा पुस्ताले ज्ञान प्राप्त गर्ने अनि समाजका विभिन्न समस्यासँग जुझ्न सिक्ने अपेक्षा राखिएको छ। ''विन्डो सीट'' चलचित्रले विगतमा छुट्टै राज्यको आन्दोलनमा दिदीबहिनीहरूले भोग्नुपरेका समस्याहरूलाई उजागर गरेको छ।

****** ० ******

**विश्व स्ट्रोक दिवस**

आज विश्व स्ट्रोक दिवस हो। स्ट्रोकको प्रमुख कारण अत्यधिक तेल, मसला र चर्बीयुक्त खाना हो। यसलाई रोक्नका लागि मौसमअनुसार फलफूल खाने र हल्का खाने बानी अपनाउनु महत्त्वपूर्ण छ। जलपाइगुडीका स्वास्थ्य अधिकृत डोक्टर असिम हल्दारका अनुसार, फास्ट फूडको सेवन कम गर्नु र  ताजा फल तथा सागसब्जीमा ध्यान दिनु आवश्यक छ।

****** ० ******

**साइकलिङ प्रतियोगिता**

घूम सुके रोड निवासी रोहन थापा अन्तर्राष्ट्रिय अर्बन डाउनहिल साइकलिङ प्रतियोगितामा २५ जनामा छनोट भई भारत र पहाडको नाम राख्न सफल भएका छन्। हालै मिजोरमको आइजोलमा आयोजित प्रतियोगितामा रोहनले आठौं स्थान हासिल गरेका छन्।  रोहनलाई सम्मान गर्न आज घूम जोरबङलो पिपल्स अर्गनाइजेसनका सात सदस्यीय टोलीले खदा लगाई सम्मान जनाए। अर्गनाइजेसनले यस उपलब्धिको लागि रोहनको परिवारलाई शुभकामना दिँदै यस्तो प्रतिभालाई सधैं प्रोत्साहन गर्नुपर्ने बताएका छन्।

****** ० ******

**सिलीगड़ी**

सिलीगड़ी थाना पुलिसले हिज अबेर राती भारी मात्रा मा प्रतिबंधित पटेका साथै एक व्यक्ति लाई गिरफ्तार गरेको छ। सूत्र अनुसार सिलीगड़ी थाना पुलिसले गुप्त सूचनाको आधारमा अभियान चलाएर यस व्यक्तिलाई पक्राउ गरेको हो। आरोपितलाई गिरफ्तार गरी पुलिस अघिको कार्यवाहीमा जुटिको छ।

****** ० ******

**इम्तियाज हुसैन**

पश्चिम बंगाल यूनानी स्टेट काउन्सिलका रजिस्ट्रार इम्तियाज हुसैनलाई पुलिसले जाली बीयूएमएस डिग्री सर्टिफिकेट बेच्ने आरोपमा पक्राउ गरेको छ। इम्तियाज हुसैनले पैसा लिएर अयोग्य व्यक्तिलाई डिग्री सर्टिफिकेट दिने गरेको स्वीकारेका छन्। इम्तियाजलाई यसअघि पनि धेरै पल्ट पक्राउ गरिए पनि रिहा गरिन्थ्यो। यसपल्ट हाई कोर्टको हस्तक्षेपपछि उनलाई पक्राउ गरिएको हो।

****** ० ******

**खेल दिवस**

मिरिकको माउन्ट सियोन स्कूलले आज आफ्नो वार्षिक खेल दिवस विद्यालयको मैदानमा मनायो| विद्यालयका विद्यार्थीहरूले दौड, ड्रिल डिस्प्ले तथा नृत्य लगायत रोमाञ्चक खेल गतिविधिहरूमा भाग लिए। प्रमुख अतिथिका रूपमा प्रख्यात कवि डा. कमला तामाङले विद्यार्थीहरूलाई जीवनमा उत्कृष्टताको प्रयास गर्न प्रेरित गर्नु भयो। विद्यालयकी प्रधान अध्यापिका टिना लिम्बूले सबै सहभागीहरूको जोश र समर्पणको प्रशंसा गर्दै धन्यवाद ज्ञापन गर्नु भयो।

****** ० ******